

काली मियाँ 'कश्मिरा' मुस्लिम समुदायकी छोरी, सानै उमेरमा विवाह । अनेकौं दुःख कष्ट भोगेपछि सानैमा सिकेको पेटीकोट बनाउने सिपले अहिले उद्यमी । रोजगार सृजना गरेर दिदीबहिनीहरूलाई आत्मनिर्भर बनाइरहनु भएको छ ।

# संघर्षशील उद्यमी : काली मियाँ 'कश्मिरा'



● निशु जोशी

वि.सं.२०३८ साल साउन ४ गते अर्घाखाँचीको तत्कालीन पाणिनी गाविस वडा नं. ३ मा जन्मिनु भएकी काली मियाँ अर्थात कशिमरा आमा ममीना र बुवा मोहम्मद मियाँकी सात सन्तान मध्येको दोस्रो हुनुहुन्छ। उहाँले आठ कक्षासम्म अध्ययन गर्नुभएको छ। १५ वर्षमै अर्घाखाँचीकै शम्सुद्धिन मियाँसँग विवाह गर्नुभएकी उहाँहरूका एक छोरी र दुई छोरा छन्।

सानै उमेरमा विवाह गरे पनि उहाँले केही सिप सिकिसक्नु भएको थियो। बिहे अघि माइतमै सिकेको सिलाइकटाइको सिप उहाँका लागि जीवनको ठूलो सफलताको खुड्किलो बन्यो। जीवन धान्ने दरिलो सहारा र सफल उद्यमी बन्ने हतियार पनि। त्यतिबेलाकै सिपपछिको उहाँको व्यवसाय अहिले मुस्लिम समुदायका महिलाका लागि मात्रै होइन सबैका लागि प्रेरणाको स्रोत बनेको छ। मानिसलाई मेहनतले नै सफल बनाउँछ, यसको उदाहरणका रुपमा उहाँलाई लिन सकिन्छ। मानिसहरूले सानो भनेको कामबाटै उहाँ जीवन बदल्न सफल हुनुभएको छ । त्यो सिप थियो पेटीकोट सिलाउने।

## पेटीकोट सिलाएर करोडौंको उद्योग

१८ वर्षअघि अर्घाखाँचीबाट श्रीमान् शम्सुद्धिनसहित पशिचम नेपालको दैलेख पुग्नुभयो। त्यतिबेला हातमा जम्मा पाँच हजार रुपैयाँ भएको कशिमराले अहिले पनि बिर्सिनु भएको छैन। आफन्तको घरमा बसेका मियाँ दम्पतीले कस्मेटिक व्यापार सुरु गरे। दुईचार वर्षमै व्यापार फस्टाउँदै गयो। कारोबार बढ्दै जाँदा लाखौंको कारोबार हुन थाल्यो। करिब ५ वर्षपछि दैलेखबाट उहाँहरू व्यापार लाई अझै ठूलो बनाउने उद्देश्यले नेपालगन्जमा आउनु भयो।

नेपालगन्जको सहन नसकिने गरम मौसम त सहन सकियो तर व्यापारमा आएको मन्दी सहन सकिएन। कस्मेटिकको व्यापार घाटामा गयो। व्यापार बढाउँदै झन् ठूलो बनाउन नेपालगन्ज झरेका उहाँहरूका सपना खडेरीमा सुकेका बिरुवा जस्तै भए। यसैकारण उहाँका श्रीमान्लाई डिप्रेसन भयो, श्रीमान् थला परेपछि तीन छोराछोरीको सम्पूर्ण जिम्मा कशिमराको काँधमा आयो। शुरुमा केही आत्तिएकी उहाँले बिस्तारै परिवार पाल्छु भन्ने हिम्मत र आँट जुटाउनु भयो।

मुस्लिम समुदायकी छोरी भएकाले घरबाहिर निस्केर काम गर्नु त्यो बेला सहज परिस्थिति थिएन। बुर्कामा बसेर काम गर्नुपर्ने बाध्यता थियो। कुनै उपाय नभेटे

पछि अन्त्यमा माइतीमा सिकेको सिलाइकटाइ सिप नै प्रयोग गर्ने सोच आएको उहाँ बताउनु हुन्छ । अरुका पेटीकोट सिलाएर घर खर्च चलाउन थाल्नु भयो । उहाँ भन्नुहुन्छ, "सानो काम भए पनि मेहनतले गरेर दुई पैसा कमाएर परिवार पाल्ने सोचले यो काम शुरु गरें ।" सिलाइबाट अलिअलि गरेर जम्मा गरेको तेह्र हजार रुपैयाँ मध्येबाट आठ हजारको मेसिन र छ हजारको पेटीकोटका कपडा किनेर सिलाइकटाइ व्यवसाय शुरु गर्नुभयो ।

घर भित्रैबाट सुरु गरेको व्यवसाय अहिले करोडभन्दा माथिको पुगिसकेको छ । यो अवस्थासम्म आइपुग्नुमा दिनरात नभनी गरेको मेहनतको परिणाम हो भन्ने लाग्छ उहाँलाई । अहिले नेपालगन्ज उपमहानगरपालिका वडा नं. २ को घर बारी टोलमा लुम्बिनी फेबरिक इण्डष्ट्रिका रुपमा उहाँको काम बिस्तार भएको छ । यो उद्योग देख्दा कहिलेकाहीं त उहाँलाई नै सपना जस्तो लाग्छ । डेढ कठ्ठा जग्गा दश वर्षका लागि भाडामा लिएर आफैंले पूर्वाधार निर्माण गरेर उद्योग स्थापना गर्नुभएको हो ।

आफ्नो विगत सम्झिदै उहाँ भन्नुहुन्छ, 'एउटा पेटीकोट सिलाएको पाँच रुपैयाँ र म्याक्सी सिलाएको दश रुपैयाँ पाइन्थ्यो । अरुको कपडा घरमा ल्याएर सिलाउँदा दिनमा पाँचदेखि सातसय रुपैयाँसम्म कमाउन सकिन्थ्यो । यति नभए सामान्य घरखर्च पनि चल्दैनथ्यो । त्यसैले त्यति रकम जम्मा गर्न पनि मरिमेटेर लाग्नु पर्थ्यो । तर यही काम अन्तत यस्तो बन्यो । दिनरात के हो, काम गर्दा कहिल्यै मतलब भएन । उहाँलाई लाग्छ काम सानोबाट शुरु गरे पनि ठूलो बनाउन सकिने रहेछ । पेटीकोट सिलाएर जीवन नै बदलियो ।

सिलाइको फिनिसिङ राम्रो थियो । शायद त्यही देखेर बजारमा जताततै पाइने पेटीकोटभन्दा उहाँले सिलाएको पेटीकोटको माग बढ्न थाल्यो । बिस्तारै आफन्तहरूका अन्य लुगाहरू पनि सिलाउन थाल्नुभयो । ओभरलक मेसिन र ल्खेपछि थप कमाइ हुन थाल्यो । शुरुमा अरुका कपडा घरमा ल्याएर आफैं सिलाउनुहुन्थ्यो । पछि कटिङ्ग गरेर सिलाउनका लागि अरु दिदीबहिनीहरुलाई दिन थाल्नु भयो । घरभित्रैबाट शुरु गरेको व्यापार बढ्दै गयो । माग बढ्दै गएपछि बालबालिकाका लागि जाडोमा लगाउने कपडा सिलाउने सोच भयो । त्यसपछि ऊनका कपडा सिलाउने काम पनि शुरु भयो । यसको पनि माग ह्वात्तै बढयो । काम दैनिक बढ्दै गयो, त्यही अनुसार आम्दानी पनि ।

एकैदिनमा एक हजार वटासम्म ट्राउजर बनाउन माग आएपछि उत्साह र आँट निकै माथि पुग्यो उहाँको । कामभन्दा पनि हौसला बढी पाएको अनुभव भयो । नेपालगन्जकै अर्को ठूला व्यवसायी टंक धामीले सञ्चालन गरेको कमल इन्टरप्राइजेजले दिएको यो अवसर जीवनको पहिलो प्रोत्साहन हो भन्ने लाग्छ कशिमरालाई । त्यसपछि विभिन्न विद्यालयबाट स्कूल ड्रेस सिलाउने अर्डरले भ्याइनभ्याइ हुँदै गयो । ठूला अर्डरकै लाइन लाग्न थाल्यो । मौसम अनुसारका कपडा उहाँको उद्योगले उत्पादन गर्ने गरेको छ । पहिले भारतबाट आउने धेरै थरिका कपडा हिजोआज उहाँकै उद्योगले धानेको छ । नेपालीहरूमा पनि स्वदे शी उत्पादन नै प्रयोग गर्ने क्रम शुरु भए पनि भएसम्म स्वेदशी उत्पादन नै प्रयोग गर्न सरकारले नै प्रोत्साहन गर्ने नीति ल्याउनुपर्ने उहाँको सुझाव छ ।

व्यवसाय बढ्दै गएपछि उहाँले नेपालगन्जमै कपडा उत्पादन सुरु गर्नुभयो । पहिला कपडा भारतबाट आयात गरेर पोशाक तयार गर्नुहुन्थ्यो भने पछि ने पालगन्जमै कच्चा पदार्थ अर्थात् धागो किनेर आफैं कपडा तयार गरेर तयारी पोशाक उत्पादन शुरु गर्नुभयो । कपडा र तयारी पोशाक बनाउने 'लुम्बिनी फे बरिक कपडा उद्योग' नेपालगन्जमा पहिलो भएको उहाँको भनाइ छ ।

## दैनिक डेढ लाखको उत्पादन

हाल उहाँको गार्मेन्टबाट दैनिक करिब डेढ लाख रुपैयाँको कपडा उत्पादन भइरहेको छ । ठूला ठूला अर्डरहरू धेरै आउन थालेका छन् । प्रहरी तालिम के न्द्र, नेपालगन्जले पहिले भारतीय बजार रुपडियाबाट ल्याउने गरेको ड्रेस गत जाडोमा उहाँकै उद्योगबाट उत्पादन गर्न अर्डर गऱ्यो । बाँकेलगायत विभिन्न जिल्लाका विद्यालयहरूको पोशाकको पनि एकैपटक १५/२० लाखसम्मको अर्डर आउँछ । काठमाडौं, पोखरालगायतका ठाउँबाट समेत कपडाको माग आउन थालेपछि उहाँको काम गर्ने जाँगर र उत्साह झन् थपिएको छ । आएको माग पूरा गर्न हम्मेहम्मे छ । धेरै लुगा त बुटवलदेखि सुदुरपश्चिममा समेत खपत हुने गरेको उहाँ बताउनुहुन्छ । एक पटक प्रयोग गर्नेले कपडाको फिनिसिङ र डिजाइन मन पराएकाले फेरि पनि माग गर्छन् र अरुलाई समेत भनेर दे शभरि आफूले उत्पादन गरेको कपडाको माग बढेको कशिमरा बताउनुहुन्छ । अहिले उहाँसँग लुगा बनाउनका लागि कच्चा पदार्थ उत्पादन गर्ने ठुला ६ वटा र कपडा सिलाउने २५ वटा मेसिन छन् । चाइनाबाट ल्याएको २० लाख मुल्यको एउटा मेसिन र अन्य १६ लाख, १० लाख र ८ लाखका मूल्यका मे

सिनहरू छन् । यहाँ जिन्सबाहेक सबै लत्ताकपडा र महिलाका लागि लामो स्वेटर अलादिन, टप्स लगायतका कपडा तयार हुन्छन् ।

## करोडको व्यापार जलेको दिन

तेह्र हजार रुपैयाँबाट शुरु गरेको व्यापार सात वर्षमा सात करोडको उद्यो ग बन्यो । कशिमरालाई दुःखका दिन अब गए जस्तो लागेको महसुस हुन्थ्यो । बिस्तारै परिवारमा खुशी आउन लागेको थियो, तर त्यो खुशी धेरै दिन रहेन । गतवर्ष २०७५ पौष महिनामा विद्युत सर्ट भएर उद्योगमा आगलागी भयो । र ातको समयमा भएको आगलागीबाट सबै मेसिन जले । हरिया भएर पलाएर झाँगिदै गएका आशाका पातहरू एकरातमै खरानी भए । उहाँको उद्योगमा आगलागी हुँदा त्यहाँ काम गर्ने दिदीबहिनीहरु सबैभन्दा बढी दुखी भए । डाँको छोडेर रोएका थिए उनीहरू ।

तर कशिमराको जीवनमा आइपरेको त्यो ठूलो दुर्घटनाबाट उहाँले हार खानुभएन । अझ त्यो भन्दा अघि बढ्नका लागि थियो शायद त्यो विपत्ति । यति ठूलो सफलता र खुशी एकैपटक खरानी हुँदा कसको मन रुँदैन र ? यद्यपि उहाँले हिम्मत हार्नुभएन । नेपालगन्जका व्यापारीको साथ र सहयोगमा उहाँ पुनः चार वटा लुगा सिउने मेसिन राखेर काम गर्न थाल्नुभयो । उहाँको दिनरातको अथक मेहनतका कारण अहिले डेढ वर्षमा पुनः गार्मेन्टको लगानी झण्डै तीन करोड पुग्न लागेको छ । उद्योगमा हाल ५१ जना कर्मचारी छन् । शुरुवातमा आफैंले के काम गर्ने भन्ने अन्यौलता झेल्नु भएकी कशिमराले एकदशक भित्रमा गरेको मिहेनेतले यतिलाई रोजगारी दिन सकिएला भन्ने नसो चेको बताउनु हुन्छ । मेहेनत गरेपछि हुँदो रहेछ उहाँको छोटो समयमा खारि एको अनुभवले त्यही भन्छ ।

## परिवारको समेत साथ नपाएको क्षण

छोटो समयको ठूलो दुःख र संघर्षले नेपालगन्जमा सफल महिला उद्यमीका रुपमा काली मियाँ 'कशिमरा' समेतको नामले परिचित हुनुहुन्छ । उहाँ सफल हुनुका पछाडि उहाँको मेहनत रहेको अरु महिला उद्यमीहरूले पनि खुलेरै भन्ने गरेका छन् । शुरुवातमा उहाँले परिवारबाट समेत साथ पाउनुभएन । मुस्लिम भएकाले घर बाहिर जान नदिने प्रचलनका कारण । बाहिर गएर काम गर्नेलाई समाजमा गर्ने व्यवहार र हेर्ने दृष्टिकोण सकरात्मक थिएन । यद्यपि बाध्यताले

घर भित्रै बसेर बुर्का लगाएरै काम थाल्नुभयो । बिरामी श्रीमानको उपचारका लागि पैसाको जोहो गर्न केही गर्नै पर्थ्यो । हातमा भएको सिलाइको सिपबाटै काम थाल्नु भएकी उहाँले परिवारबाटै पनि अनेक लान्छना सहनुपर्‍यो । यो पीडा झन् कम थिएन । उहाँ भन्नुहुन्छ, "समाज र परिवारको धारिलो हतियार जस्ता बचन सहेर पनि कामलाई निरन्तरता दिएँ । कहिले त उनीहरूका वचनले मर्नु न बाँच्नुको दोसाँधमा पनि पुर्‍यायो । यद्यपि साथ दिने हातहरू नै बढी भए । हौसला दिने साथीभाइ आफन्त लगायत बढ्न थाले । अहिले आफैंलाई हेरेर धेरै मुस्लिम महिला र अन्य महिलाहरूले प्रेरणा लिने गरेको मा ठूलो उपलब्धि हासिल गरेको महसुस हुने गरेको छ ।" कशिमराका श्रीमान् अहिले एकदमै खुशी हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मैले कुनै काममा सघाउन सकिन, उनले यस्तो ठूलो काम कसरी गरिन् केही पनि थाहा छैन । तर आज म पनि एकदमै खुशी छु । उनको जीवनबाट धेरैले प्रेरणा लिएको देख्दा झन खुशी लाग्छ ।"

## सफलता र सम्मान

प्राप्त सफलताले हिजोआज त जता गए पनि प्रशंसा र प्रेरक व्यक्तित्वका रुपमा लिने गरिएकोले काममा थप उर्जा र खुशी दिने गरेको उहाँ बताउनु हुन्छ । पहिले आफन्त, छिमेकी र चिनेजानेकैले अनेक कुरा काट्थे । काममा सफलता पाउँदै गएपछि उनीहरू आफैं नजिक हुँदै आउँछन् । सबैको लागि काम प्यारो हुँदोरहेछ । गर्न सके सबै आफ्नो, नत्र एक्लो बनाउँदोरहेछ समाजले । केहि समय अघि नेपालगन्ज पुगेका युएइका राजदुतले मुस्लिम समाजको उदाहरण दिँदै उनको उद्योगबाट उत्पादित कपडाको दुबईमा स्टलको व्यवस्था गरिदिने बताउनु भएको छ । आफैं उद्यम गरिरहेका र गर्न चाहने महिला उद्यमीहरूलाई सरकारले प्रोत्साहन गर्नुपर्ने उहाँको भनाइ छ । अझै महिलाहरूले चको ब्याजमा पैसा लिएर व्यवसाय गर्ने अवस्था भएको भन्दै महिलाहरूलाई सस्तो र सुलभ रुपमा सहजै कर्जा पाउने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ । मेहनेत गर्ने र आफू जस्तै दुःखमा परेका महिलाहरूलाई सधैं सहयोग गर्ने उद्देश्य रहेको बताउने कशिमरा धेरैको लागि 'आशाको दियो' र सफलताको उदाहरण हुनुहुन्छ । जिल्लास्थित घरेलु कार्यालय, नेपालगन्ज उपमहानगरपालिकालगायत महिला उद्यमीहरूका संस्था लगायतले विभिन्न ठाँउबाट सफल उद्यमीका रुपमा सम्मानित हुनुभएको छ । ●